नेपाल सरकार

शहरी विकास मन्त्रालय

**स्थानीय पूर्वाधार विभाग**

श्रीमहल, पुल्चोक, ललितपुर

प.स.- २०७९।८०
च.नं.- ९२०

मितिः २०७९।११।३०

श्री स्थानीय तह (सम्बन्धित सबै)

**विषयः स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ पठाइएको सम्बन्धमा।**

प्रस्तुत विषयमा स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि शहरी विकास मन्त्रालयको माननीय मन्त्रीज्यूको मिति २०७९।११।०८ को निर्णय अनुसार" स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" स्वीकृत भएको छ। सङ्घीय सरकार र स्थानीय तहको लागत सहभागितामा निर्माण हुने नेपाल सरकारले उच्च प्राथमिकता दिएको यस कार्यक्रमको कार्यान्वयनमा आवश्यक समन्वय तथा सहकार्यका लागि उल्लिखित कार्यविधि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

शोभा श्रेष्ठ
सि.डि.ई.

**बोधार्थः**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना तथा प्रविधि शाखाः पत्र एवम् कार्यविधि मन्त्रालयको Website मा Upload गरिदिनहुन।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग

## स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नविनियोजनऐन, २०७९को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार,शहरी विकास मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१)यस कार्यविधिको नाम "स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाःविषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "आयोजना" भन्नाले स्थानीय तहको प्रशासकीय भवन निर्माण सम्बन्धी आयोजना सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यक्रम समन्वय ईकाई" भन्नाले दफा १० बमोजिमको कार्यक्रम समन्वय इकाई सम्झनुपर्छ।

(घ) "निर्देशक समिति" भन्नाले दफा ९ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "प्रशासकीय भवन" भन्नाले स्थानीय तहबाट सेवा प्रदान गर्न प्रयोग हुने मुख्य प्रशासकीय भवन सम्झनु पर्छ र सो शब्दले प्रशासकीय भवनसँगै रहने सभाकक्ष, शौचालय, प्रतिक्षालय, आपतकालीन कार्यसञ्चालन केन्द्र, ग्यारेज र कम्पाउन्डवाललाई समेत जनाउँछ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शहरी विकास मन्त्रालय सम्झनु पर्छ ।

(छ) "विभाग" भन्नाले स्थानीय पूर्वाधार विभाग सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका,नगरपालिका र उपमहानगरपालिका सम्झनुपर्छ।

### परिच्छेद -२

### आयोजना छनौट र प्राथमिकीकरण

३. माग सङ्कलनः(१)स्थानीय तहले प्रशासकीय भवन निर्माणको लागि अनुसूची -१ बमोजिमको ढाँचामा आयोजना माग फाराम भरीप्रत्येक वर्षको माघ मसान्तभित्र विभागमा पठाउनु पर्नेछ ।

तर यस कार्यक्रम अन्तर्गत स्वीकृत भई निर्माणाधीन रहेका आयोजनाको हकमा यस उपदफा बमोजिम पुनःमाग फाराम पेश गर्नु पर्ने छैन ।



सचिव

ईश्वर चन्द्र ... 
महानिर्देशक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक,ललितपुर

(२) उपदफा (१)बमोजिम प्राप्त आयोजनामागफारामको आधारमा विभागले दफा ४ बमोजिम आयोजनाको प्राथमिकीकरण गरी प्रत्येक आर्थिक वर्षको फागुन मसान्तभित्र निर्देशक समिति समक्ष विवरण पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राथमिकीकरण गरी पेश भएको माग फारामका आधारमा निर्देशक समितिले आयोजना स्वीकृत गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम माग फाराम पठाउँदा स्थानीय तहको आन्तरिक राजश्व क्षमता र भौतिक पूर्वाधारको उपलव्धताका आधारमा आयोजनाको कूल लागतको गाउँपालिकाले कम्तीमा चालीस प्रतिशत, नगरपालिकाले कम्तीमा पचास प्रतिशतर उपमहानगरपालिकाले कम्तीमा साठी प्रतिशतरकम लागत सहभागिताको प्रतिबद्धता समेत पेश गर्नुपर्नेछ ।

(५) यस कार्यविधि बमोजिम निर्माण गरिने प्रशासकीय भवनको लागत अनुमान तयार गर्दा गाउँपालिका, नगरपालिका वा उपमहानगरपालिकाको जनसङ्ख्या, निर्वाचित जनप्रतिनिधिको सङ्ख्या, कर्मचारीको सङ्ख्या र भौगोलिक अवस्थिति समेतको आधारमा भवनको क्षेत्रफलको मापदण्ड तयार गरी सोही बमोजिमको लागत अनुमानतयार गर्नु पर्नेछ।

४. <u>आयोजनाको प्राथमिकीकरण:</u> (१) विभागले देहायका आधारमास्थानीय तहका आयोजना प्राथमिकीकरण गरी स्वीकृतिको लागि निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछः-

(क) आफ्नो प्रशासकीय भवन नभएकास्थानीय तह,
(ख) कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने न्यूनतम पूर्वाधार समेत नभएका स्थानीय तह,
(ग) प्रशासकीय काम सम्पादन गर्न भाडामा उपयुक्त भवन उपलब्ध हुन नसक्ने अवस्था रहेका स्थानीय तह,
(घ) प्रस्ताव पेश गरेका स्थानीय तहहरुमध्ये तुलनात्मक रुपमा न्यून आन्तरिक आय भएका स्थानीय तह,
(ङ) नागरिकको माग अनुसारको सेवा उपलब्ध गराउन पर्याप्त भौतिक पूर्वाधार नभएका स्थानीय तह।

(२) उपदफा (१) बमोजिम आयोजना प्राथमिकीकरण गर्दा सडक यातायातको पहुँच, विपद् जोखिमको अवस्था र प्रादेशिक सन्तुलन समेतलाई आधार बनाउनु पर्नेछ।

५. <u>जग्गाको मापदण्ड:</u> (१) स्थानीय तहले गाउँपालिकातथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड, २०७५ बमोजिम प्रशासकीय भवन निर्माणका लागि जग्गाको व्यवस्थागर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गाकोव्यवस्था गर्दा सम्भव भएसम्म अन्य प्रशासकीय भवन समेत निर्माण गर्न सक्ने स्थानको पहिचान गरी त्यस्तो जग्गाको व्यवस्था गर्नु पर्नेछ।

तर हिमाली तथा पहाडी क्षेत्रमा प्रशासकीय भवनको डिजाइन अनुसार भवन निर्माण गर्न आवश्यक पर्ने न्यूनतम जग्गामात्र उपलव्ध भएको अवस्थामा त्यस्तो आयोजना स्वीकृत गर्न यस दफामा उल्लिखित व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक,ललितपुर

परिच्छेद -३

## कार्यक्रम कार्यान्वयन विधि

६. विस्तृत आयोजना प्रतिवेदनः(१) स्थानीय तहले दफा ३ बमोजिम आयोजना माग गर्दा आयोजनाको विस्तृत आयोजना प्रतिवेदन सहित पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा भवन निर्माणको लागि उपलब्ध हुने जग्गाको अवस्थिति बमोजिम स्थानीय कला तथा संस्कृति झल्किने गरी डिजाईनमा परिवर्तन गर्न आवश्यक देखिएमा नमुना डिजाइनमा कार्यक्रम समन्वय इकाइको सहमतिमा परिमार्जन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम विस्तृत आयोजना प्रतिवेदन तयार गर्न स्थानीय तहले आवश्यकता अनुसार परामर्श सेवा लिन सक्नेछ।

(४) स्थानीय तहले देहाय बमोजिमको आधारमा विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्नेछः-

(क) आयोजनास्थलको माटो परीक्षण,

(ख) माटोको प्रकृतिको आधारमा विस्तृत डिजाइन तथा लागत अनुमान तयारी,

(ग) राष्ट्रिय भवन संहिता,

(घ) भवन निर्माण मापदण्ड,

(ङ) शहरी विकास मन्त्रालयबाट जारी भएको पदाधिकारी तथा कर्मचारीहरुको कार्यकक्ष सम्बन्धी मापदण्ड,

(च) शहरी विकास मन्त्रालयबाट जारी भएको सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका,२०६९ ।

(५) यो कार्यविधि लागू हुनुपूर्व स्थानीय तहबाट विस्तृत आयोजना प्रतिवेदन तयार भईसकेको तर सो बमोजिम निर्माण कार्य प्रारम्भ नभएको अवस्थामा स्थानीय तहले उपदफा (४) बमोजिम विस्तृत आयोजना प्रतिवेदनको पुनरावलोकन गर्नुपर्नेछ।

(६) स्थानीय तहले विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सन्दर्भमा कार्यक्रम समन्वय इकाईसँग आवश्यक प्राविधिक सहयोग एवम् परामर्श लिन सक्नेछ।

(७)स्थानीय तहले विस्तृत आयोजना प्रतिवेदन तयार गरिदिनका लागि विभागमा अनुरोध गरेमा विभागले विस्तृत आयोजना प्रतिवेदन तयार गरिदिनेछ।

७. खरिद व्यवस्थापन तथा कार्यान्वयन विधिः (१) आयोजना कार्यान्वयनका लागि आवश्यक खरिद व्यवस्थापन कार्य सम्बन्धित स्थानीय तहले गर्नेछ।

(२) आयोजनाको निर्माण, अनुगमन, सुपरीवेक्षण, गुणस्तर नियन्त्रण, नापी प्रमाणित लगायतको कार्य सम्बन्धित स्थानीय तहबाट हुनेछ।

(३) निर्माण कार्यको नियमित सुपरीवेक्षणका लागि स्थानीय तहले कम्तीमा एकजना इञ्जिनियर सहितको प्राविधिक टोलीको व्यवस्था गर्नु पर्नेछ।

सुरेश आचार्य
सचिव

शिखर चन्द्र अरहठ
महानिर्देशक

(४) उपदफा(३) बमोजिम प्राविधिक टोलीको व्यवस्था गर्न सम्बन्धित स्थानीय तहमा रहेका प्राविधिक जनशक्तिको अभाव भएमा कन्टिन्जेन्सीको रकमबाट खर्च व्यहोर्ने गरी प्रचलित कानून बमोजिम परामर्श सेवा लिन सकिनेछ।

(५) आयोजना कार्यान्वयनको क्रममा प्रचलित कानून बमोजिम भेरिएशन स्वीकृत गरेको वा मूल्य समायोजनको कारणबाट हुने लागत बृद्धिको दायित्व सम्बन्धित स्थानीय तहले व्यहोर्नु पर्नेछ।

(६) स्थानीय तहले खरिद व्यवस्थापन र आयोजना कार्यान्वनका लागि विभागमा अनुरोध गर्न सक्नेछ ।

(७)उपदफा (६) बमोजिमको कार्य आपसी समझदारीमा कार्यान्वयन सम्झौता गरी कार्यान्वयन गरिनेछ ।

(८) खरिद व्यवस्थापन सम्बन्धी अन्य कार्य प्रचलित कानून बमोजिम हुनेछ।

८. <u>अनुगमन तथा सुपरीवेक्षण:</u>(१) आयोजना कार्यान्वयन गर्ने निकायले निर्माणमा गुणस्तर कायम गरी छिटो छरितो रुपमा सम्पन्न गर्न नियमित सुपरीवेक्षण गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको मन्त्रालय, विभाग तथा स्थानीय तहबाट आवश्यकता अनुसार अनुगमन गरिनेछ।

(३) उपदफा (२) बमोजिम अनुगमनबाट प्राप्त प्रतिवेदन वा अन्य माध्यमबाट प्राप्त जानकारीको आधारमा निर्देशक समिति वा विभागले गुणस्तर कायम गराउन आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

## परिच्छेद -४
## <u>संस्थागत व्यवस्था</u>

९. <u>निर्देशक समिति:</u> (१) आयोजनाको स्वीकृति, अनुगमन, समन्वय र नीतिगत मार्गदर्शनको लागि देहाय बमोजिको निर्देशक समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | सचिव,मन्त्रालय | -संयोजक |
| (ख) | सहसचिव, मन्त्रालय | -सदस्य |
| (ग) | महानिर्देशक,विभाग | -सदस्य |
| (घ) | उपसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) | उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (च) | उपसचिव, राष्ट्रिय योजना आयोग | -सदस्य |
| (छ) | सिडिइ, शहरी विकास तथा भवन निर्माण विभाग | -सदस्य |
| (ज) | उपमहानिर्देशक, विभाग | -सदस्य सचिव |

(२) निर्देशक समितिको बैठक संयोजकले आवश्यकता अनुसार बोलाउनेछ।

(३) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) कार्यक्रम समन्वय इकाईले निर्देशक समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

१०. कार्यक्रम समन्वय इकाईः (१) कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग तथा समन्वय गर्न विभाग अन्तर्गत अनुसूची-३ मा उल्लेख भए बमोजिमको कार्यक्रम समन्वय इकाई रहनेछ।

(२) कार्यक्रम समन्वय इकाईको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछः-

(क) आयोजनाको माग सङ्कलन र प्राथमिकीकरण गर्ने,

(ख) आयोजना छनौटको सिफारिस गर्ने,

(ग) खरिद व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहलाई सहजीकरण र समन्वय गर्ने,

(घ) कार्यक्रमका लागि आवश्यक पर्ने स्रोतको अनुमान गर्ने,

(ङ) आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(च) नियमित प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने,

(छ) निर्माण कार्यको गुणस्तर कायम गर्न स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने,

(ज) दफा ६ को उपदफा (२) र (७) तथा दफा ७ को उपदफा (७) बमोजिमको कार्य गर्ने,

(झ) भवन निर्माणका लागि समपुरक अनुदान प्राप्त गर्ने स्थानीय तहको विवरण तयार गरी पेश गर्ने,

(ञ) निर्देशक समितिले तोके बमोजिमको अन्य कार्य गर्ने।

## परिच्छेद -५

## स्रोत परिचालन,बजेट तथा लेखा व्यबस्थापन

११. स्रोत परिचालनः(१) दफा ३ को उपदफा (१) बमोजिमका आयोजनाको लागि नेपाल सरकारले देहायका स्थानीय तहका लागि देहाय बमोजिम बजेट उपलव्ध गराउन सक्नेछः-

(क) गाउँपालिकाको लागि बढीमा नौ करोड लागत अनुमान भएको आयोजनाको साठी प्रतिशतसम्म,

(ख) नगरपालिकाको लागि बढीमा बाह्र करोड लागत अनुमान भएको आयोजनाको पचास प्रतिशतसम्म,

(ग) उपमहानगरपालिकाको लागि बढीमा पन्ध्र करोड लागत अनुमान भएको आयोजनाको चालीस प्रतिशतसम्म।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तुलनात्मक रुपमा न्यून आय भएका, मानव विकास सूचकाङ्कमा पछाडि परेका तथा दुर्गम र हिमाली क्षेत्रका गाउँपालिका तथा नगरपालिकालाई नेपाल सरकारले थप अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१)बमोजिमको बजेट र उपदफा (२) बमोजिमको अनुदान नेपाल सरकारले स्थानीय तहको सञ्चित कोषमा उपलब्ध गराउनेछ।

तर दफा १० को उपदफा (२)(ज) को प्रयोजनको लागि विभागमा उपलब्ध भएको शिर्षक बाट रकमको व्यवस्था गरिने छ ।

१२. <u>बजेट व्यवस्था:</u> (१) दफा ११ बमोजिम नेपाल सरकारले व्यहोर्ने लागत सहभागिताको बजेट नेपाल सरकारले सालबसाली रुपमा व्यवस्था गर्नेछ।

(२) नेपाल सरकार र प्रदेश सरकारबाट समपुरक अनुदानमा सञ्चालन हुने आयोजनाको लागि यस कार्यविधि बमोजिम बजेट उपलब्ध गराइने छैन।

तर आ.ब.२०७८/७९सम्मको कार्यक्रमबाट बजेट उपलब्ध गराई कार्यान्वयनमा रहेका क्रमागत आयोजनाको हकमा दफा ११ को उपदफा (१) बमोजिमको बजेट सीमाभित्र रही समपूरक वा अन्य अनुदानको रकमबाट नपुग हुन गएको रकम मात्र यस कार्यक्रमबाट उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिमको बजेटमा आयोजना कार्यान्वयन गर्ने स्थानीय तहले यस कार्यविधि बमोजिमको लागत साझेदारी गर्नुपर्नेछ।

(४) नेपाल सरकारले दफा ११ को उपदफा (३)बमोजिम कार्यान्वयन हुने आयोजनाको लागि लाग्ने बजेट सम्बन्धित स्थानीय तहलाई सशर्त रुपमा अख्तियारी उपलब्ध गराउनेछ।

(५) उपदफा (४) बमोजिम रकम उपलब्ध गराउँदा आयोजनाको भौतिक तथा वित्तीय प्रगतिलाई आधारमान्नु पर्नेछ।

१३. <u>खर्च लेखाङ्कन र लेखापरीक्षण:</u> (१) यस कार्यविधि बमोजिम हुने खर्चको लेखा नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम हुने खर्चको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

(३) स्थानीय तहले यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाको प्रत्येक रनिङ बीलको रकम भुक्तानी गर्दा तोकिएको लागत सहभागिताको अनुपातमा गर्नुपर्नेछ।

(४) यस कार्यविधि बमोजिम उपलब्ध गराईएको अनुदान रकममध्ये आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहन गएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ।

(५) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाहरुको प्रभावकारिता वृद्धि गर्न स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणालीको लागि आवश्यक व्यवस्था गर्नुपर्नेछ।

सुरेश आचार्य
सचिव

ईश्वर चन्द्र मरहट्ठा
महानिर्देशक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक ललितपुर

## परिच्छेद -६

## विविध

१४. **प्रगति प्रतिवेदनः** स्थानीय तहले आयोजना कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची -४ बमोजिमको ढाँचामा त्रैमाशिक रुपमा विभागमा पठाउनु पर्नेछ।

१५. **भवनको नमूनाः** यस कार्यविधि बमोजिम निर्माण गरिने स्थानीय तहको प्रशासकीय भवनको नमूना अनुसूची -५ बमोजिम हुनेछ।

तर यस दफाले स्थानीय तहको कला, संस्कृति तथा पहिचान झल्कने गरी उपयुक्त डिजाइन बमोजिम सो भवन निर्माण गर्न वाधा पुऱ्याएको मानिने छैन।

१६. **सहमति लिएर गर्नेः** यस कार्यविधि अन्तर्गत नेपाल सरकारलाई आर्थिक दायित्व सिर्जना हुने गरी तर्जुमा गरिने कुनै पनि मापदण्ड/कार्यविधिमा अर्थ मन्त्रालयको अनिवार्य सहमति लिएर गरिनेछ।

१७. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१८. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

१९. **खारेजी र बचाउः** (१) "स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" खारेज गरिएको छ।

(२) स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम भए गरेको काम यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछ।

सुरेश आचार्य
सचिव

निर्देशक

## अनुसूची -१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

### आयोजनाको माग फाराम

मितिः..............................

श्री स्थानीय पूर्वाधार विभाग,
श्रीमहल, पुल्चोक, ललितपुर ।

बिषयः स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमका लागि आयोजनाको माग फाराम पेश गरेको सम्बन्धमा।

यस.........................................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिकाको मिति ....................को बैठकको बुँदा ...... को निर्णयबाट स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को अधीनमा रही प्रशासकीय भवन निर्माण गर्न मन्जुर रहेको ले आयोजनाको माग फाराम पेश गरेको छु। अतःतपसिल बमोजिमको आवश्यक प्रमाण सहितको विवरण यसै पत्रसाथ पेश गरेको छु । साथै खरिद सम्बन्धी सम्पूर्ण कार्य कार्यक्रम समन्वय इकाईको प्राविधिक सहयोग, सहजीकरण र समन्वयमा गर्ने तथा तोकिएको मितिमा आयोजना सम्पन्न गर्ने प्रतिवद्दता समेत जनाउँछु।

तपसिलः

क. अनिवार्य शर्तहरु

१. गाउँपालिका/नगरपालिका/उपमहानगरपालिकाको वडा नं........मा अवस्थित जग्गाको ट्रेस नक्शा र भोगाधिकारको प्रमाण।
२. उपलब्ध जग्गाको क्षेत्रफल........................ रोपनी/कट्ठा/वर्गमिटर।
३. स्थानीय तहबाट लागत सहभागिता ब्यहोरिने कार्यपालिकाको निर्णय।
४. विस्तृत आयोजना प्रतिवेदन ।

ख. अन्य विवरण

१. भवन निर्माण गरिने जग्गामा विपद जोखिमको अवस्थाः
२. पहुँचको अवस्थाः
३. वर्तमानमा सेवा प्रवाह भैरहेको भवनको अवस्थाः
४. प्रशासनिक कार्य सञ्चालन गर्न भाडामा भवनको उपलब्धताः
५. वार्षिक आन्तरिक आय रु. .................................
६. आफ्नै स्वामित्वमा भवन छ भने के कारण ले नयाँ भवन आवश्यक भएको हो, कारण खुलाउनु पर्ने।

...............................
(प्रमुख प्रशासकीय अधिकृत)

ईश्वर चन्द्र मरहट्ट
महानिर्देशक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक, ललितपुर

## अनुसूची -२

(दफा ६ को उपदफा ४ (च) सँग सम्बन्धित)

**विस्तृत आयोजना प्रतिवेदन**

द्रस्टव्यः

*सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका,२०६९को परिच्छेद ३ मा भएको* **रङ्ग संयोजनका लागि भवनको वर्गीकरण र रङ्गको संयोजन** *अन्तर्गत क्रम संङ्ख्या ७ मा व्यवस्था भए वमोजिम हुनुपर्ने।*

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक, ललितपुर

**अनुसूची - ३**

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

<u>कार्यक्रम समन्वय इकाई संरचना</u>

१. आयोजना प्रमुख, सिनियर डिभिजनल इन्जिनियर (सिभिल, जनरल-रा.प.द्वितीय.), १ जना

२. इन्जिनियर (सिभिल, जनरल-रा.प. तृतीय) -१ जना

३. कम्प्यूटर अपरेटर, ना.सु. सरह -१ जना

४. कार्यालय सहयोगी -१ जना

५: हलुका सवारी चालक -१ जना

नोटः क्रम सङ्ख्या १ र २ को पदमा विभागको जनशक्तिलाई अतिरिक्त जिम्मेवारी प्रदान गर्ने गरी।

सचिव

ईश्वरचन्द्र मरहट्टा
महानिर्देशक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक, ललितपुर

अनुसूची -४

(दफा १४ सँग सम्बन्धित)

भौतिक तथा वित्तीय प्रगतिको ढाँचा

१. स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको प्रगति विवरण ढाँचा
२. ब.उ.शि.नः
३. स्थानीय तहको नामः-
४. स्थानीय तहको कोडः-
५. जिल्लाः-
६. प्रशासकीय भवन निर्माणको हालसम्मको प्रगतिः-
७. निर्माण व्यवसायीको नाम, ठेगानाः-
८. भेरीएसन भएको भए सो सहितको संझौता रकम (रु.)-
९. सम्झौता मितिः-
१०. सम्पन्न हुने मितिः-
११. म्याद थप सहित सम्पन्न हुने मितिः-
१२. प्रशासकीय भवन निर्माणको लागि हालसम्म विनियोजित रकम र खर्च विवरण (श्रोतका आधारमा)
१३.हाल सम्मको कुल खर्च रकम (रु.)-

| आ.व. | रा.यो.आ. | | प्रदेश | | जि.स.स. | | संघ (स्थानीय पूर्वाधार विभाग) | | स्थानीय तह | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विनियोजित | खर्च | विनियोजित | खर्च | विनियोजित | खर्च | विनियोजित | खर्च | विनियोजित | खर्च | विनियोजित | खर्च |
| २०७६-७७ | | | | | | | | | | | | |
| २०७७-७८ | | | | | | | | | | | | |
| २०७८-७९ | | | | | | | | | | | | |
| २०७९-८० | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

१४.हाल सम्मको कुल वित्तीय प्रगति(प्रतिशत)-
१५.हाल सम्मको कुल भौतिक प्रगति (प्रतिशत)-
१६.आ.व ०७९/०८० मा खर्च हुने कुल वजेट
१७.आ.व ०७९/०८० मा खर्च हुने मध्ये संघबाट आवश्यक पर्ने वजेट-
१८.आ.व ०७९/०८० मा सम्पन्न हुने-नहुने-
१९.कैफियत (अन्य कुनै विवरण खुलाउनुपर्ने भएमा)-



सुरेश आचार्य
सचिव

ईश्वरचन्द्र मरहट्ठा
महानिर्देशक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक, ललितपुर

नोटः-

१. स्थानीय तहको प्रशासकीय भवन निर्माण कार्यको हालसम्मको प्रगति (जग्गा प्राप्ति/डिपिआर तयारी/Partial Tendering/ठेक्का आ भईसकेको/ ठेक्कासम्झौता भएको/ निर्माणाधिन/सम्पन्न) अनिवार्य रुपमा उल्लेख गर्नुहुन।

२. आंशिक ठेक्का (Partial Tendering) आव्हान गरेका स्थानीय तहहरुले अनिवार्य रुपमा हालसम्म लगाईएका ठेक्काहरुको विवरण (सम्झौता रकम, बजेट श्रोत, खर्च विवरण लगायत) अनिवार्य रुपमा उल्लेख गर्नुहुन।

३. निर्माणाधिन रहेका आयोजनाहरुको हकमा, निर्माणाधिन भवनको हालसालै खिचिएका फोटोहरु अनिवार्य रुपमा संलग्न गर्नुहुन।

४. फारममा उल्लिखित सम्पुर्ण विवरण पछिसम्म फरक नपर्ने गरीभर्नुपर्नेछ।

५. उल्लिखित विवरणका आधारमा बजेट बाँडफाँट गरिने हुँदा विवरण फरक परेको खण्डमा स्थानीय तह नै जिम्मेवार हुनेछ।

६. पूर्ण विवरण प्राप्त नभएको कारण बजेट बाँडफाँटमा कठिनाई हुने।

*फाराम भर्ने निर्देशिका:*

क.सं. १ मा सम्बन्धित स्थानीय तहको नाम उल्लेख गर्ने।

क.सं. २ मा स्थानीय तहको कोड (८०१.....) उल्लेख गर्ने।

क.सं. ३ मा स्थानीय तह रहेको जिल्ला उल्लेख गर्ने।

क.सं. ४ मा प्रशासकिय भवन निर्माणका लागि स्वीकृत मू.अ.कर सहितको लागत अनुमान उल्लेख गर्ने।

क.सं. ५ स्थानीय तहको प्रशासकीय भवन निर्माण कार्यको हालसम्मको प्रगति (जग्गा प्राप्ति/डिपिआर तयारी/Partial Tendering/ ठेक्का आव्हान भईसकेको/ ठेक्का सम्झौता भएको/ निर्माणाधिन/सम्पन्न)

क.सं. ६ मा ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायीको नामर ठेगाना उल्लेख गर्ने।

क.सं. ७ मा निर्माण व्यवसायी संग ठेक्का सम्झौता हुदाँको मू.अ.कर सहितको सम्झौता रकम उल्लेख गर्ने।

क.सं. ८ मा सम्झौतामा भेरिएसन आदेश जारी भएको भए सो समेतको मू.अ.कर सहितको सम्झौता रकम उल्लेख गर्ने।

क.सं. ९ मा सम्झौता भएको मिति लेख्ने।

क.सं. १० मा सुरु सम्झौता अनुरुप कार्य सम्पन्न हुनुपर्ने मिति उल्लेख गर्ने।

क.सं. ११ मा सम्झौताको अवधि थप भएको सो अनुसार निर्माण सम्पन्न हुने मिति उल्लेख गर्ने।

क.सं. १२ मा प्रशासकीय भवन निर्माणका लागि विभिन्न आ.व.मा विनियोजित बजेट र खर्च श्रोतगत रुपमा उल्लेख गर्ने।

क.सं. १३ मा सम्बन्धित स्थानीय तहको मुख्य प्रशासकिय भवन निर्माणको हालसम्मको खर्च उल्लेख गर्ने।

क.सं. १४ मा सम्बन्धित स्थानीय तहको मुख्य प्रशासकिय भवन निर्माणको हालसम्मको वित्तीय प्रगति प्रतिशतमा उल्लेख गर्ने।

क.सं. १५ मा सम्बन्धित स्थानीय तहको मुख्य प्रशासकिय भवन निर्माणको हालसम्मको भौतिक प्रगति प्रतिशतमा उल्लेख गर्ने।

क.सं. १६ मा आ.व २०७९।८० मा खर्च हुने कुल बजेट (अनुमानित खर्च) उल्लेख गर्ने।

क.सं. १७ मा आ.व २०७९।८० मा खर्च हुने रकममध्ये संघ (स्थानीय पूर्वाधार विभाग) बाट विनियोजन हुन पर्ने बजेट उल्लेख गर्ने

क.सं. १८ मा आ.व २०७९।० भवन निर्माण कार्य सम्पन्न हुनेवा नहुने उल्लेख गर्ने ( हुने वा नहुने भनेर लेख्ने)।



सुरेश आचार्य
सचिव


ईश्वर चन्द्र मरहट्ठा

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक, ललितपुर

**अनुसूची -५**

(दफा १५सँग सम्बन्धित)


स्थानीय तहका लागि मन्त्रालयबाट स्वीकृत प्रशासकीय भवनको नमूना



FRONT ELEVATION

ईश्वर चन्द्र मरहट्ठा
महानिर्देशक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
...चोक, ललितपुर




FIRST FLOOR PLAN

सुरेश आचार्य
सचिव

[illegible] चन्द्र मरहट्टा

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
...ंक, ललितपुर




## SITE PLAN

LAND AREA: 73444.00 Sq. ft. ( 13-13-0-0 approximately)
BUILDING AREA: 12796.00 Sq.ft. (2-5-3-0 approximately)

सुरेश आचार्य
सचिव

ईश्वर चन्द्र मरहट्टा
महानिर्देशक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक, ललितपुर




FRONT ELEVATION

सुरेश आचार्य
सचिव

ईश्वर चन्द्र मरहट्टा
महानिर्देशक


नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक, ललितपुर




**FIRST FLOOR PLAN**

FLOOR AREA: [illegible] Sq.ft.

सुरेश आचार्य
सचिव





## SITE PLAN

LAND AREA: [illegible] Sq. ft. ( [illegible] approximately)
BUILDING AREA: [illegible] Sq.ft. ( [illegible] approximately)

सुरेश आचार्य
सचिव


ईश्वर चन्द्र मरहट्टा
महानिर्देशक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक, ललितपुर



सुरेश आचार्य
सचिव

ईश्वर चन्द्र मरहट्ठा
महानिर्देशक



SECOND FLOOR PLAN

सुरेश आचार्य
सचिव